

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १३ गते शनिबार ❑ 28 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।–


## उत्पादकत्व बढाउन एआईको अधिकत्तम प्रयोग गर्नुपर्छः मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले एआईको अधिकत्तम प्रयोग गरी नेपालमा उत्पादन र उत्पादकत्व बृद्धि गर्नुपर्ने बताउनु भएको छ।

नेपाल दुरसञ्चार प्राधिकरणले शुक्रबार पोखरामा आयोजना गरेको प्राधिकरणबाट गण्डकी प्रदेशमा दुरसञ्चार सेवाको वर्तमान अबस्था, सेवाको विस्तार, भावी योजना, दुरसञ्चार सेवाको गुणस्तरसुधार लगायतका बिषयमा दुरसञ्चार सेवा प्रदायक र सरोकारवालाहरुको एकदिवसीय अन्तरकृया कार्यक्रममा सम्बोधन गर्दै मन्त्री गुरुङले अहिलेको समय सर्दभमा एआईको उचित र अधिकत्तम प्रयोग गरी नेपालको उत्पादन र उत्पादकत्व बृद्धिमा प्रयोग गर्नुपर्ने बताउनु भएको हो। मानिसले बनाएको एआईले विश्वमा कल्पना भन्दा धैरै काम




गर्दै आएको उल्लेख गर्दै उहाँले यसलाई नेपालमा निश्चित मापदण्डमा ल्याउने बताउनु भएको छ । एआईको नेपालमा कुनै नीति नियम नभएको बताउदै मन्त्री गुरुङले अबको एक महिना भित्र नीति नियम बनाउने बताउनु भयो । एआईलाई अब नेपालको कृषि र उत्पादनसंग जोडेर अघि बढाउने योजना ल्याउने सुनाउदै मन्त्री गुरुङले सरकारी, बैंकिङ, उद्योग लगायतको क्षेत्रमा एआईको उच्चतम प्रयोग गरेर नेपालले पनि यसबाट फाइदा लिनु पर्ने बताउनु भयो ।

प्राय देशहरुमा आफ्नो सुरक्षाको लागि स्याटलाइट भएकोले नेपालले पनि आफ्नै स्याटलाइट राख्नुपर्ने मन्त्री गुरुङले उल्लेख गर्नुभयो । स्याटलाइटको ऐन र नीति नियम बनाउने उहाँले जनाउनुभयो । यस बर्ष भित्र नेपालको सबै घर घरमा फोजि इन्टरनेट सेवाको पहुच पुर्‍याउने गरी काम गर्न नेपाल टेलिकमलाई निर्देशन दिनुभयो । सहकारी सम्बन्धी संसदीय छानविन समितिले दिएको सिफारिसका आधारमा सहकारी ठगी आरोपमा दोषी ठहरिएका कुनै पनि पार्टीका नेता कार्यकर्तालाई राज्यले नछाड्ने मन्त्री गुरुङले बताउनु भयो। प्रदेश सरकारलाई केन्द्रबाट आउने ७/८ प्रतिशत बजेटमा हाल ५० प्रतिशत कटौंती हुँदा समेत प्रदेशका मुख्यमन्त्रीहरु खासै नवोल्ने गरेको उहाँको तर्क थियो। संघियतालाई मजबुद पार्न प्रदेश सरकार गठन भए पनि प्रदेश सरकारले जनताको अनुभुती हुने गरी अझै पनि काम गर्न नसकेको मन्त्री गुरुङले बताउनु भयो। नेपाल दुरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा गण्डकी प्रदेशका उर्जा जलश्रोत तथा खानेपानी पानी मन्त्री फडिन्द्र देवकोटा, गाउँपालिका राष्ट्रिय महासंघ गण्डकी प्रदेशका अध्यक्ष नवराज ओझा लगायतले बोल्नु भएको थियो।

## २६ औँ पोखरा सडक महोत्सवको सम्पूर्ण तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

रेवान पोखराको आयोजनामा शनिबारदेखि पोखरामा शुरु हुने २६ औँ पोखरा सडक महोत्सवको सम्पूर्ण तयारी पुरा भएको छ।

महोत्सवको नेपाल सरकारका प्रवक्ता समेत रहेका सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरुङ्गले उद्घाटन् गर्ने आयोजक रेवान पोखराले जनाएको छ । कोमागाने पार्कमा हुने उद्घाटन समारोह अघि खहरेबाट विभिन्न जातजाती, ६० बढी आमा समुह, पर्यटन सम्बद्ध विभिन्न संघसंस्था लगायतको उपस्थितीमा साँस्कृतीक झाँकी सहित र्‍याली निस्कने छ महोत्सव संयोजक विकास भट्टराईले जानकारी दिए । आयोजक समितिका अध्यक्ष विश्वराज पौडेलका अनुसार महोत्सव सफल पार्न गठित विभिन्न समिति, उप-समितिले आ-आफ्नों तयारी पुरा गरेका छन् । महोत्सव तयारीका लागि रेवान पोखराले सुरक्षा परिषद् बैठक, स्वास्थ्य समितिको बैठक, सांस्कृतिक समूहको बैठक, लगायतका बैठकहरू सम्पन्न गरेको थियो।

कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख श्यामबाबु ओलिया, सशस्त्र प्रहरी बल कालिका गणका गणपति अरुण




कुमार शर्मा, राष्ट्रिय अनुसन्धान कार्यालय कास्कीका उप-अनुसन्धान निर्देशक सुरेशकुमार तिवारी, कृष्णदल गण फुलबारी ब्यारेक पोखराका सन्दीप केसी, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, यातायात तथा पार्किङ समितिका संयोजक चिरञ्जीवी पोखरेल लगायतको उपस्थितीमा सुरक्षा परिषद् बैठक सम्पन्न गरेको थियो।

स्वास्थ्य समितिका संयोजक भिष्मराज पौडेलका अनुसार नमस्ते हस्पिटल तथा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाले पनि स्वास्थ्य सम्बन्धि व्यवस्थापन गरिसकेका छन् । महोत्सवको चार किलोमिटर क्षेत्रभित्र विभिन्न स्थानमा स्वास्थ्य डेक्स राखी औषधि उपचारमा विशेष ध्यान दिइने पौडेलले जनाउनुभयो । महोत्सवका प्रचार प्रसार समिति संयोजक बीरेन्द्र शेरचनले पोखरा सडक महोत्सवमा मिडियाहरुबाट विगतका वर्षहरुमा जस्तै उत्कृष्ट सहयोग पाएको बताए । सडक महोत्सवलाई अर्न्तराष्ट्रिय जगतसम्म चिनाउन सञ्चार माध्यमको भूमिंका महत्वपूर्ण रहेकाले यसपटक पनि सकारात्मक सहयोगको अपेक्षा लिएको समितिका महासचिव समेत रहेका शेरचनको भनाई छ। महोत्सवलाई थप रौनक प्रधान गर्न सडकमा हुने खेलकुदका कार्यक्रमहरुको तयारी पनि पुरा भएको खेलकुद संयोजक सुमन भट्टराईले जानकारी दिए। सडकमा मःम खाने, रस्साकसी, वेटर वेट्रेसहरुको चम्चा दौड, डुङ्गा दौड लगायत हुनेछन् । त्यसैगरि अघिल्लो संस्करणमा जस्तै यसपटक पनि पर्यटनका बारेमा जानकारी सहितको सडक सम्वाद कार्यक्रम हुने रेवान पोखराका उपाध्यक्ष बसन्त गौतमले जनाए। उनका अनुसार अम्मटमा दुई दिन सम्म सडक सम्वाद कार्यक्रम चल्नेछ।

## पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडानका निरन्तर पहल

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्ष पुग्न लागेको छ । सन् २०२३ जनवरी १ मा सञ्चालनमा आएको विमानस्थलमा अझै नियमित अन्तर्राष्ट्रिय उडान भने हुन सकेको छैन।

पर्यटन राजधानीका रूपमा रहेको पोखरास्थित यो विमानस्थल सञ्चालनमा ल्याउन सके पर्यटन प्रर्‌द्धनमा उल्लेख्य टेवा पुग्ने भन्दै यहाँका सरोकार भएकाहरूले निरन्तर चासो दिँदै आएका छन् । विशेष गरी स्थानीय पर्यटन व्यवसायीहरू सरोकार भएका निकायसँगको छलफल तथा प्रवर्‌द्धनात्मक उडानमार्फत नियमित र व्यावसायिक रूपमा सञ्चालनका लागि ध्यानाकर्षण गराइरहेका छन् ।

नेपाल एसोसिएसन अफ




टुर्स एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) गण्डकीले पोखरा अन्तर ाष्ट्रिय विमानस्थल नियमित सञ्चालनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारीहरूसँग छलफल गर्दै प्रवर्द्धनात्मक उडानमार्फत पहल गरिरहेको छ । यसैबीच, पोखरामा हुन लागेको ड्रागन बोट रेसका लागि चीनको छेन्दुबाट बिहीबार चार्टर उडान गरिएको छ । उडानमा एक सय २९ खेलाडीसहित सिचुवान विमान पोखरा उत्रेको थियो । नाट्टाको पहलमा पोखराबाट उत्तिकै सङ्ख्यामा यात्रु बोकेर प्रवर्‌द्धनात्मक कार्यक्रमका लागि सो विमान काठमाडौँ अवतरण गर्‍यो । यसमा पत्रकार, पर्यटन व्यवसायी र प्रदेशका पर्यटनमन्त्रीहरूको सहभागिता रहेको थियो।

यस उडानले बढी भार बोकेर जहाज उडान र अवतरण हुन नसक्ने भन्ने भ्रमलाई तोड्न सफल भएको व्यवसायीको भनाइ छ । पूर्ण क्षमतामा उडान र अवतरण भएसँगै विमानस्थल पूर्ण सुरक्षित रहेको सन्देश पनि प्रवर्द्धनात्मक उडानले दिएको छ । त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा नेपाल नागरिक उड्डयन प्राधिकरणका महाप्रबन्धक प्रदीप अधिकारीले पोखरा विमानस्थलबाट उडान अवतरणमा कुनै समस्या नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पोखरा विमानस्थलले एयर बसजस्ता ठूला जहाज सहजै सञ्चालन गर्न सक्छ भन्ने प्रवर्‌द्धनात्मक उडानले पुष्टि गरेको छ। अब यो पूर्वाधारलाई पूर्ण क्षमतामा सञ्चालन गर्न सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्छ"अधिकारीलेविमानस्थलको प्रभावकारी उपयोगका लागि सरकारबाट नीतिगत सहयोग र निजी क्षेत्रबाट ठूलो लगानीको सदुपयोग गर्न अग्रसरता आवश्यक


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## स्वास्थ्य क्षेत्रलाई पहिलो प्रथामिकतामा राखी काम गरिरहेका छौँः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
बागलुङ १२ पुस


गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सरकारले नागरिकलाई घरआँगनबाट स्तरीय स्वास्थ्य सेवा दिनेगरी काम गरिरहेको बताउनुभएको छ।

बागलुङको ढोरपाटन नगरपालिका-१ बुर्तिबाङमा शुक्रबार आयोजित प्रदेशस्तरीय अस्पतालको उद्घाटन कार्यक्रममा उहाँले अब कोही पनि नागरिकले उपचार नपाएर अकालमा ज्यान गुमाउनु नपर्ने बताउनुभयो । नागरिकको आवश्यकता बढी हुनुका साथै सीमित स्रोत र साधानको परिचालन गरेर काम गर्दा सबैतिर एकैपटक विकास हुन नसकेको मुख्यमन्त्री पाण्डेको भनाइ छ । जनताका




स्वास्थ्यसम्बन्धी आवश्यकतालाई पहिलो प्रथामिकतामा राखेर प्रदेश सरकारले काम गरिरहेको उहाँले बताउनुभयो । मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "हामीसँग स्रोत सीमित छ, जनताको आवश्यकता बढी छन्, यद्यपि प्रदेश सरकारले सबै क्षेत्रमा क्रमिक रूपमा काम गरिरहेको छ, नागरिक स्वस्थ रहनुपर्छ भन्ने मान्यताअनुसार स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम भइरहेको छ, म मुख्यमन्त्री भएर आउँदा पाँच सय डायलायसिस गर्नुपर्ने बिरामी लाइनमा हुनेमा अहिले त्यो अवस्था शून्यमा झरेको छ।"

मुख्यमन्त्री पाण्डेले अहिले राज्यको चुनौतीका रूपमा बसाइँसराइ रहेको भन्दै त्यसलाई रोक्नका लागि प्रदेश सरकार लागिरहेको उल्लेख गर्दै गाउँमा गुणस्तरीय स्वास्थ्य, शिक्षा, रोजगार र अन्य विकासका काम योजनाबद्ध रूपमा गरिरहेको बताउनुभयो । सबै युवालाई आफ्नै ठाउँमा बस्ने वातावरण बनाउने उद्देश्यसहित स्वरोजगारमूलक सीप विकास गर्ने योजनामा प्रदेश सरकार रहेको मुख्यमन्त्री पाण्डेले उल्लेख गर्नुभयो। पछिल्लो समय विकास नै भएन भन्ने गलत भाष्य निर्माण भएको भन्दै २०४८ सालयता मुलुकमा पूर्वाधार विकासहित स्वास्थ्य, शिक्षा, रोजगारलगायत क्षेत्रमा परिवर्तन आउँदै गएको उहाँले बताउनुभयो।

# माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा माछापुच्छ्रे २१ औं संस्करणको माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस प्रतियोगिता जारी छ । शुक्रबार ४५ वर्ष माथि भएको मेन्स सिंगलमा संदुक लामाले गोपीबहादुर भट्टराईलाई प्रतिस्पर्धात्मक खेलमा ६-४, २-६ र सुपर टाईमा १२-१० ले पराजित गरे ।

सुपरटाईमा ८-३ को अग्रता जोगाउन नसक्दा आशा गरिएका पोखरेली खेलाडी भट्टराई पराजित हुन पुगे । त्यस्तै कोरियाका जुजुमान किमले प्रकास बस्नेतलाई ६-३, ३-६ र सुपर टाईमा १०-७ ले पराजित गरे । सोही उमेर समुहका अन्य खेलहरुमा सुनिल श्रेष्ठले डा.देव थापालाई ६-४, ६-३ ले, लाक्पा तेम्बा शेर्पाले मनिष श्रेष्ठलाई ६-१, ६-४ ले पराजित गरेका छन् । मेन्स डबल्सतर्फ नेहाल



जंगबहादुर थापा र आरब हाडाको जोडीले पोखराका शास्वत बज्राचार्य र दर्शिल श्रेष्ठको जोडीलाई ६-२, ६-१ ले, प्रदीप खड्का र उगेन शेर्पाको जोडीले विवेक मगर र सन्दिप विकको जोडीलाई ६-१, ६-१ ले, नविन पाइजा र आयुषमान हजुर घलेको जोडीले हर्षवर्दन राव र प्रफुल्ल श्रेष्ठको जोडीलाई पराजित गरे । उमन्स ओपनतर्फ स्वस्तिका विष्टले डेचेन छोडेनलाई ६-०, ६-० ले तथा जेनि खड्काले आहना शेरचनलाई ६-०, ६-० ले पराजित गरिन् । ३५ वर्ष माथिको मेन्स सिंगलमा जितेन्द्र परियारले डा.मदन थापालाई ६-०, ६-० ले पराजित गरे । ३५ वर्ष माथिको मेन्स डबल्समा पोखराका राजन पौडेल र शरण गुरुङ्ग जोडीले पोखराकै दुर्गा सुनार र नवराज शर्माको जोडीलाई, हिमाल शाह र देव क्षेत्रीको जोडीले सोनाम तोक्दे र पेमा नोर्बुको जोडीलाई, गगन महर्जन र भिष्म गुरुङ्गको जोडीले सोम राना र अनिल सेन्चुरीको जोडीलाई तथा विकास गुरुङ्ग र प्रकाश गुरुङ्गको जोडीले निरज थापा र राज गुरुङ्गको जोडीलाई पराजित गर्दै दोश्रो चरणमा स्थान बनाए । ४५ वर्ष माथिको डबल्समा भिष्मराज पौडेल र रोहित सुनुवारको जोडीले किसान थापा र किशोर गुरुङ्गको जोडीलाई ६-१, ६-२ ले तथा केवी लामा र विष्णु बानियाँको जोडीले दोर्जे लामा र लोक गुरुङ्गको जोडीलाई पराजित गरेका छन् । ५५ वर्ष माथिको मेन्स डबल्समा अनु जोन र विनोद कायस्थको जोडीले इन्द्र गुरुङ्ग र अनिल तुलाचनको जोडीलाई ६-३, २-६ र सुपर टाईमा १०-३ को प्रतिस्पर्धात्मक सेटमा जित निकाले । अर्को प्रतिस्पर्धात्मक खेलमा पोखराका धरमबहादुर लामिछाने र मनु त्रिपाठीको जोडी उत्तम शेर्पा र जित पौडेलको जोडीसंग ६-२, ४-६ र सुपर टाईमा १०-४ ले पराजित हुन पुगे । लोक गुरुङ्ग र पदम गुरुङ्गको जोडी शुदर्शन विष्ट र जिवन घिमिरेको जोडीसंग ६-३, ६-३ ले पराजित भए । अन्य खेलहरु जारी रहेको टुर्नामेण्ट डाइरेक्टर कुमार अधिकारीले जानकारी दिए ।

# व्यवहारिक र जीवनउपयोगी शिक्षा, आजको आवश्यकता : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस



गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले व्यवहारिक र जीवनउपयोगी शिक्षा आजको आवश्यकता रहेको बताएका छन् ।

कास्कीको मादी गाउँपालिका वडा नं. ४ स्थित श्री ध्रुव माध्यमिक विद्यालयको ६९ औं वार्षिकोत्सव, अभिभावक दिवस एवम् पुरस्कार वितरण कार्यक्रममा बोल्दै उनले स्थानीय उत्पादनका विषयमा विद्यार्थीलाई समेत जानकारी हुनुपर्ने उल्लेख गरे । प्रदेश सरकारले शिक्षामा सुधार ल्याउन नयाँ कार्यक्रमहरु ल्याएको र त्यसको कार्यान्वयनमा लाग्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । “सिक्दै कमाउदै कमाउदै सिक्दै, फ्राइडे फर फ्युचर, अभिभावक शिक्षा जस्ता महत्वपूर्ण कार्यक्रमहरु शिक्षाको क्षेत्रमा प्रदेश सरकारले ल्याएको छ । यसको कार्यान्वयमा सबै विद्यालयहरु लाग्नुपर्ने छ । परिणाम आउने गरि नै यहाँहरुले उक्त कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन अनुरोध गर्दछु ।”, उनले भने ।

मन्त्री थापाले शिक्षामा सुधार ल्याउन मापदण्ड सरल र सहज बनाइने बताए । उनले स्थानीय पालिकाको सहकार्यमा नै शिक्षा क्षेत्रलाई सुदृढ बनाउन सकिने उल्लेख गरे । विद्यालयको शैक्षिक प्रगतिका विषयमा जानकारी गराउँदै प्रधानाध्यापक रामबाबु पौडेलले विद्यालयमा हाल १७० जना विद्यार्थी रहेको बताए । विद्यालयले स्थानीय स्रोत साधनको उपयोग गर्दै उत्पादनसँग पनि विद्यार्थीलाई जोडेको उनले उल्लेख गरे । विद्यालयमा खेलकुद मैदान र यातायातको समस्या भएको र त्यसको परिपूर्तिमा लाग्नुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् ।

विद्यालयका भूतपूर्व विद्यार्थी एवम् भूगर्भ विद डा. सोमनाथ सापकोटाले नेपालमा साइन्स पढ्ने वातावरण घट्दै गएको बताए । मादीको केन्द्रमा पालिका स्तरिय साइन्स क्याम्पसको आवश्यक रहेको भनाई उनको छ । शैक्षिक स्तरमा सुधार ल्याउन सबै सचेत हुनुपर्ने उनले उल्लेख गरे ।

# पोउवा संघमा चिनियाँ टोली, द्विपक्षीय सहकार्यबारे छलफल

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

चीनको सिचुवान प्रान्तमा रहेको लुजाउ नगरका आर्थिक सहकार्य एवं परराष्ट्र मामिलाका उपप्रमुख चाङ जुहानसहितको प्रतिनिधि मण्डल र पोखरा उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलसँग शुक्रबार भेटघाट गरेको छ ।

संघका अध्यक्ष गोकर्ण कार्कीका अनुसार संघको सचिवालय गैह्रापाटनमा भएको भेटघाट तथा छलफलको क्रममा द्विपक्षीय सहकार्य र संयुक्त लगानीको सम्भावना,व्यापार तथा पर्यटन प्रवर्द्धनलगायतका विषयमा



छलफल भएको थियो ।

सो अवसरमा बोल्दै प्रतिनिधि मण्डलका प्रमुख चाङले लुजाउ नगर औषधि तथा मदिरा उत्पादनमा अग्रणी रहेको जानकारी दिए । त्यहाँका उत्पादनहरु नेपालमा निकासी गर्न तथा नेपालमा उत्पादित बस्तुहरु चीनको बजारमा पुऱ्याउनका निम्ति पोखरा उद्योग वाणिज्य संघसँग सहकार्य गर्न लुजाउ तयार रहेको पनि उनले बताए । प्रत्युत्तरमा बोल्दै पोउवा संघका अध्यक्ष गोकर्ण कार्कीले अघिल्लो वर्ष नेपालका प्रधानमन्त्री प्रचण्ड र हालै वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणको क्रममा भएका सहमति कार्यान्वयन हुँदा गण्डकीबाट भैंसीको मासु तथा अमिलो फलफूल निर्यात गर्न सकिने सम्भावनाबारे जानकारी गराए । यी दुबै क्षेत्रमा चिनियाँ लगानी ल्याउन सकिने पनि उनको भनाइ थियो । पोखराको पर्यटन उद्योगलाई सघाउन पनि उनले चिनियाँ टोलीलाई आग्रह गरे । कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिसहित पदाधिकारी तथा कार्यसमिति सदस्यहरुको उपस्थिति रहेको महासचिव शोभा गौतमले जानकारी दिइन् ।

# वुमन्स च्यालेन्जर कपको उपाधि टिम अकलालाई

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

पोखरामा सम्पन्न दोस्रो वुमन्स च्यालेन्जर कप टी२० क्रीकेट प्रतियोगिताको उपाधि टिम अकलाले जितेको छ ।

राउन्डरोविन लिगको आधारमा भएको प्रतियोगितामा रनरेटमा टिम विन्ध्यवासिनी र भद्रकालीलाई पछि पार्दै अकला च्याम्पियन बन्न सफल भएको हो । कास्की जिल्ला क्रीकेट संघको आयोजनामा पोखरा रंगशालास्थित क्रीकेट मैदानमा प्रतियोगिता सञ्चालन भएको थियो । चार टिम सहभागि तीन दिनसम्म चलेको प्रतियोगितामा टिम भद्रकाली, अकला र विन्ध्यवासिनीले समान ३ खेल खेल्दा २ जित र १ हार व्यहोर्दै समान ४-४ अंक प्राप्त गऱ्यो । टिम बाराही भने ३ खेलमै हार व्यहोर्दै जितिविहिन भयो ।



शुक्रबार सम्पन्न प्रतियोगिताको पहिलो खेलमा ११४ रनको विजयी लक्ष्य पाएको अकला २० ओभरमा ६विकेट गुमाउँदै १०५ रनमा सिमित हुँदा भद्रकालीले ८ विकेटको जित हासिल गर्न सफल भएको हो । अकलाका लागि सिर्जना पौडेलले ४५ रनको योगदान दिइन् । कृष्टीना अर्यालले ११ रनको योगदान दिइन् । भद्रकालीका लागि रेजिना विकले २ तथा पुर्णिमा गुरुङले १ विकेट लिइन् ।

टस जितेर ब्याटिङ थालेको भद्रकालीले २० ओभरमा ३ विकेट गुमाउँदै ११३ रन बनायो । भद्रकालीका लागि रेखा तामाङले ५४ रनको उत्कृष्ट अर्धशतकीय पारी खेलिन् । उनी जारी प्रतियोगितामा अर्धशतक बनाउने पहिलो खेलाडी हुन् । यस्तै सिर्जना विकले १९ रन जोडिन् । अकलाको लागि सुशिला डिमडुङ र सिर्जना पौडेलले १/१ विकेट लिइन् । बाराहीलाई विन्ध्यवासिनीले ३८ रनले हराएको छ । १२३ रनको विजयी लक्ष्य पाएको बाराही १३.२ ओभरमा ८४ रनमा अलआउट हुन पुग्यो । बाराहीका लागि विनिता नेपालीले सर्वाधिक २४ रनको योगदान दिइन् । यस्तै विन्दु ठकुरीले १७ तथा यशोदा भुजेलले १४ रनको योगदान दिइन् । विन्ध्यवासिनीका लागि मेघा खड्गी र चन्द्रमाया बरालले समान ३/३ विकेट लिइन् । त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको विन्ध्यवासिनीले २० ओभरमा ९ विकेट गुमाउँदै १२२ रन बनाउन सफल भयो । विन्ध्यवासिनीका लागि चन्द्रमाया बरालले ४३ रनको योगदान दिइन् । सफलता भुजेलले १८ रनको योगदान दिइन् । बाराहीका लागि यशोदा भुजेलले ३ तथा सोफिया गुरुङले २ विकेट लिइन् ।

सम्पन्न प्रतियोगिताबाट प्रधानमन्त्री कप र दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि कास्की जिल्लाबाट खेलाडी छनौट गरिनेछ ।

# अध्यादेश प्रमाणीकरण

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) अध्यादेश २०८१ प्रमाणीकरण गर्नुभएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेशले अध्यादेश प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालयमा बुधबार पठाएकामा शुक्रबार प्रदेश प्रमुख भट्टले प्रमाणीकरण गर्नुभएको हो ।

नेपालको संविधानको धारा २०२ को उपधारा १ बमोजिम अध्यादेश प्रमाणीकरण गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता रामेश्वर अर्यालले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ ।

गत मङ्गलबारको गण्डकी प्रदेश सरकार मन्त्रिपरिषद् बैठकले प्रदेश निजामती सेवा ऐन संशोधनका लागि अध्यादेश पारित गरेको थियो ।

# पोखरा...

रहेकामा जोड दिनुभयो ।

नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले पोखरा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नहुँदा पर्यटन क्षेत्र चलायमान बनाउन निकै समस्या भएको धारणा राख्नुभयो । “पर्यटनमा ठूलो लगानी छ तर नियमित उडान नहुँदा पर्यटकीय गतिविधिमा उल्लेख्य सुधार हुनसकेको छैन, जसले लगानी जोखिममा परेको छ । अन्तर्राष्ट्रियस्तरमै नकारात्मक सन्देश गएको छ”, उहाँले भन्नुभयो । यस विषयमा क्यानका पदाधिकारी र सम्बन्धित निकायहरूमा निरन्तर ध्यानाकर्षण गराउँदै प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गरिएको जानकारी दिनुभयो ।

पर्यटन व्यवसायी र नेपाल पर्यटन बोर्डका पूर्वसदस्य वासु त्रिपाठीले विमानस्थलमा नियमित उडानको गर्नु राज्यको दायित्व भएको बताउनुभयो । “नागरिकको लगानी रहेको यो विमानस्थलमा उडान सुनिश्चित गर्नु सरकारको जिम्मेवारी हो । यात्रु खोज्ने काममा निजी क्षेत्रले पनि भूमिका खेल्नुपर्छ र यसका लागि नागरिक तहबाट निरन्तर दबाब आवश्यक छ”, उहाँले भन्नुभयो,“अब विमानस्थलबारे गलत र भ्रमपूर्ण कुरा छर्न कुनै पनि सभ्य नागरिकलाई छुट छैन । सबैको सामूहिक सहकार्य र समन्वयको खाँचो छ ।” पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले नियमित उडानका लागि पहल भइरहेको र छिट्टै सकारात्मक नतिजा आउने विश्वास व्यक्त गर्नुभयो । “सञ्चालनको दुई वर्षसम्म चार्टर उडानमा सीमित विमानस्थललाई नियमित उडानमा लैजान पर्यटन सम्बद्ध सङ्घसंस्था, सञ्चारमाध्यम र नागरिक समाजले निरन्तर पहल गर्न आवश्यक छ । हामी आफ्नो तर्फबाट यसमा निरन्तर लागिरहेका छौं । प्राविधिक र पूर्वाधारका चुनौतीहरू हट्दै गएकाले अब नियमित उडान हुने आशा छ”, उहाँले भन्नुभयो ।

चीन सरकारको सहुलियतपूर्ण ऋण सहयोगमा निर्माण भएको यो विमानस्थल नेपाल-चीन सहकार्यको उदाहरण मानिन्छ । करिब रु २२ अर्ब लागतमा निर्मित विमानस्थलको निर्माण कार्य चाइना सिएएमसी इन्जिनियरिङ कम्पनीले गरेको थियो । दुई दशमलव पाँच किलोमिटर लामो रनवे भएको यस विमानस्थलमा वाइडबडी जस्ता ठूला क्षमताका जहाजहरूलाई पनि सहज रूपमा अवतरण गर्न सकिन्छ । आधुनिक नेभिगेसन प्रणाली, अत्याधुनिक टर्मिनल भवन र दैनिक २० हजार यात्रुलाई सेवा दिने सक्ने यसका क्षमता रहेको प्राधिकरणले बताउने गरेको छ । गण्डकी प्रदेशको पर्यटकीय राजधानी पोखरामा अवस्थित यस विमानस्थललाई अन्नपूर्ण सर्किट, मुक्तिनाथ र कैलाश मानसरोवरजस्ता विश्वप्रसिद्ध गन्तव्यमा जान सहज हुने अपेक्षा गरिएको छ ।

# ‘पत्रकारिता क्षेत्र मर्यादित र विश्वासिलो हुनुपर्ने’




**पोखरापत्र संवाददाता**
दमौली १२ पुस

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शङ्कर भण्डारीले पत्रकारिता क्षेत्र मर्यादित र विश्वासिलो हुनुपर्ने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाको नव निर्वाचित पदाधिकारी एवं सदस्यहरूको पदस्थापन कार्यक्रममा शुक्रबार यहाँ बोल्दै उहाँले पत्रकारिता क्षेत्रमा विश्वासको सङ्कट उत्पन्न भएको बताउनुभयो । उहाँले भन्नुभयो, “ठूला सञ्चार गृहप्रति जनताको विश्वास घट्दो छ । यो चिन्ताको विषय हो । नेपालको लोकतान्त्रिक आन्दोलनमा प्रेस जगत्ले पुऱ्याएको योगदान अतुलनीय छ । यो क्षेत्रमा विश्वास कायम राख्न सक्नुपर्छ ।” कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका सभापति प्राडा कृष्णप्रसाद गौतमले राज्यको चौथो अङ्गका रूपमा रहेको प्रेस जगत् निष्पक्ष हुनुपर्ने बताउनुभयो ।

# नेपालको प्रजातान्त्रिक आन्दोलनमा कैनीको भूमिका महत्वपूर्ण : स्वास्थ्यमन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
दमौली १२ पुस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले नेपालको प्रजातान्त्रिक आन्दोलनमा अमरराज कैनीको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-२ निवासी पूर्वराज्यमन्त्री एवं कांग्रेस नेता अमरराज कैनीद्वारा लिखित ‘आफ्नै विगत नियाल्दा, प्रजातन्त्रको सौन्दर्य र अविस्मृत विम्बहरू’ पुस्तकको आज दमौलीमा विमोचन गर्दै स्वास्थ्यमन्त्री पौडेलले नेपालको प्रजातान्त्रिक आन्दोलन, कांग्रेस पार्टीको सुदृढीकरणमा कैनीको भूमिकालाई बिर्सन



नमिल्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, “देश र पार्टीका लागि उहाँले खेल्नुभएको भूमिकालाई हामीले बिर्सन मिल्दैन ।” स्वास्थ्यमन्त्री पौडेलले कैनीले लेख्नुभएको पुस्तक अध्ययनका लागि महत्वपूर्ण स्रोत हुने बताउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य जितप्रकाश आले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले कैनीको योगदानका बारेमा चर्चा गर्नुभएको थियो ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# नेपालीमा किन बढीरहेछ मस्तिष्कघात ? के कुरामा ध्यान दिने ?

प्रा.डा.राजीव झा



**मस्तिष्कघात भनेको के हो ?**

हामीमध्ये धेरै जनाले हर्टअट्याकको बारेमा धेरै नै सुनेका छौं। जसरी मुटुमा हार्टअट्याक हुन्छ त्यसैगरी मस्तिष्कमा पनि अट्याक हुन्छ । साधारण रुपमा भन्नुपर्दा मस्तिष्कमा हुने आघात अर्थात अट्याकलाई मस्तिष्कघात (स्ट्रोक) भनिन्छ । मस्तिष्कमा जाने नशा फुटेर वाँ साँघुरो भएर रगत प्रवाह बन्द हुने अवस्था नै मस्तिष्कघात हो।नशा बन्द हुने समस्यालाई स्केमिक स्ट्रोक र नशा फुटेर हुनेलाई हेमोरेजिक स्ट्रोक भनिन्छ।

अहिलेको अवस्थामा मस्तिष्कघात चिन्ताजनक विषय हो।नेपालमा यो समस्या अहिले विकराल भइरहेको छ। मानिसको मृत्युको कारकमध्ये यो रोग पाँच नम्बरमा पर्छ। आगामी १० वर्षमा मस्तिष्कघात मानिसको मृत्युको पहिलो कारण बन्नसक्ने देखिएको छ । विश्वभर नै मस्तिष्कघातको समस्या भयावह हुने अवस्था छ। हाम्रो देशमा विशेषगरी गाउँघरमा अझैपनि मृत्युको कारण थाहा नभएको भन्ने गरिन्छ । सायद ती व्यक्तिमा मस्तिष्कघात भएको हुनसक्छ। नेपालमा त कतिपयमा मस्तिष्कघात पहिचान नै नभइ मृत्यु भइरहेको अवस्था अझै छ।

**यो समस्या नेपालमा किन यस्तो विकराल भएको होला ?**

अहिले मानिसहरुको खानपिन, परिवर्तित दैनिकी, जीवनशैलीमा आएको परिवर्तन नै मुख्य कारण हो । चुरोट, रक्सिको सेवन गर्ने, मधुमेह, उच्च रक्तचापका बिरामीहरुले नियमित औषधि नखाने वा औषधि खाएर पनि मदिरापान समेत गरिदिने, स्वस्थकर खाना नखाने, तनाव धेरै हुने व्यक्तिमा यो समस्याको जोखिम रहन्छ।

**मस्तिष्कघात भएको शंका कसरी गर्ने ? लक्षणहरु कस्ता हुन्छन् ?**

मस्तिष्कघात हुन लागेको थाहा पाउन गाह्रो हुन्छ। तर केही संकेतहरु हुन्छन् । जस्तै आधा अनुहार झम्झमाउने वा बाङ्गो हुने, हात वा खुट्टा झम्झमाउने वा कमजोर हुने, आवाज लरबरिने, होस कम भएजस्तो हुने समस्या अचानक भएको छ भने यो मस्तिष्कघातको लक्षण हो। यस्तो लक्षण देखिएको ४ घण्टालाई स्वर्णिम समय भन्छौं । यो ४ घण्टामा अस्पताल पुगेर उपचार सुरु भएमा मान्छेको मृत्यु हुने देखि प्यारालाइसिस हुने, देख्न, बोल्न, सुन्न नसक्ने वा घाँटीभन्दा तलको भाग नचल्ने समस्याहरुबाट बच्न सकिन्छ।

यदी यस्तो लक्षण देखिनासाथ बिरामी अस्पताल पुगिहाले र सहि पहिचान भएर उपचार भयो भने धेरै हदसम्म निको पार्न र बचाउन सकिन्छ । तर नेपालमा बिरामी भइहाल्दा सुरुमा सिटामोल खाएर घरमै आराम गर्ने चलन छ। यसले उनीहरुले आकस्मिक उपचार नै पाउन सक्दैनन् । यो समस्या आम सर्वसाधारणमा मात्र होइन, हामी चिकित्सकमै पनि छ । ज्वरो आयो भने साधारण रगत वा पिसाबको जाँच गरेर समस्या थाहा हुन्छ । तर अस्पतालमै भएका स्वास्थ्यकर्मी समेत जाँच नगरी सिटामोल खाएर आराम गर्न घर जान्छन्। समयमै उपचार गराउन आवश्यक छ।

**मस्तिष्कघातमा प्यारालाइसिस हुने समस्या धेरैमा देखिने शारीरिक जटिलता हो ?**

हो, मस्तिष्कघातमा 'कमन' शारीरिक जटिलता भनेको प्यारालाइसिस हुने हो । मस्तिष्कघात हुँदा दिमागको नशा बन्द हुन्छ । जहाँको नशा बन्द भएको छ त्यहाँ सुकेर र नशा फुटेर प्यारालाइसिस हुन्छ। यदी ठिक्कको मात्रामा छ भने मान्छे बाँच्छ तर प्यारालाइसिस हुन्छ। त्यही अवस्थामा बढी रगत बगेको छ, नशा सुकेको दिमागको भाग बढी छ भने मान्छेको मृत्यु नै हुन्छ।

**नशा फुटेर वा सुकेर हुने मस्तिष्कघातमा कुन बढी घातक हुन्छ ?**

हेमोरोजिक स्ट्रोक अर्थात दिमागको नशा फुटेर हुने समस्या प्रतिएकसय जनामा १० जनामा देखिने समस्या हो । बाँकी ९० प्रतिशतमा दिमागको नशा बन्द भएर वा सुकेर दिमागमा रगत सप्लाई नहुने समस्या देखिन्छ।तर नशा सुकेर भन्दा फुटेर हुने समस्यामा बढी खतरनाक हुन्छ।

**मस्तिष्कघात भएको कसरी पत्ता लगाइन्छ ?**

मस्तिष्कघात भएको पत्ता लगाउन स्पेसल एमआरआइ हुन्छ।हाम्रो देशमा साधारण अस्पतालमा बिरामी पुगेपछिडाइग्नोसिससमयमै एकदमै कम हुन्छ। एमआरआइ नभएको ठाउँमा सजिलै पत्ता लगाउन गाह्रो हुन्छ । एमआरआइले मस्तिष्कघात भएको १० मिनेट पछि नै पत्ता लगाउन सक्छ । सिटी स्क्यानले भने एक, दुईदिन पछि नशा सुकेको देखाउछ । तर ब्रेन ह्यामरेज भएको सिटी स्क्यानमा तुरुन्तै देखाउँछ।स्पेसल एमआरआइ सबै ठाउँमा त उपलब्ध छैन।

**नेपालमा मस्तिष्कघातको समयमै सहि उपचार हुनै सकेको छैन भन्न सकिन्छ ?**

मस्तिष्कघात पहिचान र उपचारका लागि एमआरई, सिटी स्क्यान र अन्य प्रविधि उपचार देशभर सबैतिर सहज उपलब्ध छैन।त्यसैले पनि यो रोगको भयावह अवस्था छ। मानिसमा पनि जनचेतनाको कमिले गर्दा हामीकहा रिजल्ट खासै राम्रो छैन।

**मस्तिष्कघातको उपचार कसरी गरिन्छ ?**

१०० प्रतिशतमा ६० देखि ८० प्रतिशत मानिसलाई खासै उपचार चाहिँदैन। थोरै रगत बगेको, सानो सानो सुकेको छ भने एकवर्ष ६ महिनामा औषधिले नै ठिक हुन्छ।तर ठूलो नशामा रगत बगेको छ भने यसको कारण पत्ता लगाउने, कुन भागको नशा हो, उच्च रक्तचापको कारणहरु छ।अर्को मुटु वा दिमागको कारणले गर्दा रगत पातलको हुने औषधि खाने व्यक्तिमा पनि ब्रेन ह्यामरेजको समस्या हुन्छ। टाउको नै खोलेर सबैको अप्रेसन गर्नु पर्दैन।अहिले इन्टरभाष्कुलर प्रविधिबाट नशाबाटै तारहरु छिराएर बन्द भएको नशा खुलाउने विधिहरु पनि नेपालमा छ।

**समयमै अस्पताल आएको अवस्थामा ६० प्रतिशत भन्दा बढीको औषधिबाटै पनि ठिक हुन्छ ?**

हो, समयमै अस्पताल आएर सहि उपचार भएको अवस्थामा औषधिबाटै ६० प्रतिशत भन्दा बढी बिरामी ठिक हुन्छन् । तर आफ्नो स्वास्थ्यको ख्याल नराख्ने, उच्च रक्तचाप, मधुमेह लगायतका समस्या भएका बिरामीले पनि स्वास्थ्यमा ध्यान नदिने, चुरोट, रक्सि सेवन गर्ने कारणले ६० प्रतिशत बिरामी नर्मल हुँदैनन्।

**मस्तिष्कघातपछि आउने शारीरिक समस्याको पुनर्स्थापनाको अवस्था कस्तो छ नेपालमा ?**

मस्तिष्कघात पछि आउने शारीरिक जटिलताको पुनर्स्थापनाका लागि पुनर्स्थापना केन्द्र अति आवश्यक हो। दुर्भाग्यवस नेपालमा राम्रा पुनर्स्थापना केन्द्रहरु नै छैनन्। भएकाहरुमा पनि सबैले अफोर्ट गर्न सक्ने अवस्था छैन। सायद २,४ प्रतिशत बिरामीले मात्र पुनर्स्थापना केन्द्रमा जानुभएको छ। प्यारालाइसिस भएको व्यक्ति घरमा भएपछि नर्स वा एकजना व्यक्ति जतिबेला पनि आवश्यक पर्छ । जीवनभर बाँच्ने बिरामी केयर नहुँदा ६ वा ८ महिना पनि बाच्न गाह्रो हुन्छ।

**यो रोग उमेरसँग पनि सम्बन्धित छ ?**

यो समस्या उमेरसँग सम्बन्धित छ। जति उमेर बढ्दै गयो त्यति नै मस्तिष्कघात हुने जोखिम बढी रहन्छ । उमेर बढ्दै जाँदा नशामा पनि फ्याहरु डिपोजिट हुँदै जान्छ । र, नशा सानो हुँदै जाम हुँदै जान्छ र जुन फ्लोमा जानुपर्ने रगत अत्याधिक फ्लोमा जाँदा पनि स्ट्रोक हुन्छ।

**मस्तिष्कघात हुँनै नदिन के-के कुरामा ध्यान दिने ?**

याद गर्नुपर्ने कुराहरुमा उमेर बढ्दै जाँदा शरीर कमजोर हुँदै जान्छ । मुटुको समस्या भएका बिरामी, उच्च रक्तचाप, सुगरका बिरामीले आफ्नो यी समस्यालाई कन्ट्रोलमा राख्नुपर्छ । नियमित औषधि खाने, नियमित व्यायम गर्ने, ८ घण्टा वा पुरा निद्रा सुत्ने र खानपानमा विशेष ध्यान दिनुपर्छ।चुरोट, रक्सिको सेवन गर्नु हुँदैन । शरीरलाई सक्रिय राख्नुपर्छ।

-(वरिष्ठ न्युरो सर्जन डा झा वीर अस्पतालमा कार्यरत छन्।)


## मोटर पार्टसको पसल बिक्रीमा

पोखरा-९ नयाँबजार स्थित सानो गाडीहरुको स्पेयर पार्टस पसल बिक्रीमा

सम्पर्क नम्बर:

९८६०५३२७९०

९८६०५३२७९०, ९८४६०३०४०७


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |


हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# अण्डाको मूल्य हालसम्मकै उच्च

रासस
चितवन, १२ मंसिर

लेयर्स कुखुरापालक किसानले अण्डाको मूल्य हालसम्मकै उच्च पाएका छन्। निरन्तर घाटामा बिक्री हुँदै आएको अण्डाको मूल्य शनिबारदेखि हालसम्मकै उच्च मूल्यमा बिक्री हुने भएको हो।

शनिबारदेखि लागु हुनेगरी ठूलो अण्डाको फार्म मूल्य प्रतिपेटी (७ क्रेट) रू ३ हजार ६ सय र मझौलाको रू ३ हजार ५ सय कायम गरिएको छ। योसँगै किसानले लागत मूल्य पाउने भएका हुन्। नेपालमा अण्डाको लागत मूल्य प्रतिगोटा रू १६ दशमलब ५६ पर्न आउँछ। यससँगै खुद्रा उपभोक्ता प्रतिगोटा २२.५० कायम गरिएको छ। नेपाल लेर्यस कुखुरा पालक संघका अध्यक्ष बिनोद पोखरेलका अनुसार किसानले मूल्य बढेसँगै लागत मूल्य पाउनेभएका हुन् । उहाँका अनुसार दाउन्ने एग्रोफार्म, हिमचुली पोल्ट्री, खिलुङकाली (जनकपुर एग्रो) सुविश पोल्ट्री भिज्जु पोल्ट्री, शिवम् लेयर्स फार्म लगायतले काठमाडौँको होलसेल बजारमा शनिबारदेखि कायम हुने गरी ठूलो अण्डा प्रतिपेटी रू तीन हजार सात सय ५० देखि रू तीन हजार सात सय ८० सम्म र मझौलाको रू तीन हजार छ सय ५० देखि रू तीन हजार छ सय ८० सम्म प्रतिपेटी दररेट कायम गरेका छन्।

पोखरेलका अनुसार जाडोका कारण उत्पादनमा कमी, अण्डा उत्पादन गर्ने कुखुरामा गिरावट, पर्यटक बढेको र स्कुल कलेज सञ्चालनमा आएसँगै अण्डाको माग बढेकाले मूल्य पनि बढेको हो । किसानको फार्ममा बुढो कुखुरा बिक्री भएसँगै धेरै किसान विस्थापित भएकाले नयाँ चल्ला हाल्न नसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमश बढ्ने देखिन्छ", उहाँले थप्नुभयो, "अण्डाको मूल्य बढेपछि किसान उत्साहित बनेका छन् । अहिले दैनिक २२ लाख गोटा हाराहारी अण्डा उत्पादन हुँदै आएको छ।"

# कालीगण्डकी मत्स्य ह्याचरीद्वारा यस वर्ष आठ लाख भुरा उत्पादन

पोखरापत्र संवाददाता
वालिङ, १२ मंसिर

स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मिर्मीस्थित कालीगण्डकी मत्स्य ह्याचरीले यस वर्ष आठ लाखभन्दा बढी माछाका भुरा उत्पादन तथा वितरण गरेको छ।

नेपाल विद्युत् प्राधिकरण कालीगण्डकी ए जलविद्युत् परियोजनाअन्तर्गत ह्याचरी मिर्मीले कालीगण्डकी नदीसहित आँधीखोला तथा आसपासका खोलामा छाड्ने गरी भुरा उत्पादन गरी वितरण गरेको हो।

परियोजना सञ्चालन भएसँगै नार्कसँगको सहकार्यमा विभिन्न जातका माछाका भुरा उत्पादन गरी वितरण गर्न थालिएको परियोजना प्रमुख राजबाबु महर्जनले बताउनुभयो। नदी तथा खोलामा पर्यावरण सन्तुलनलाई कायम राख्नका लागि परियोजनाको जलायश तथा त्यससँग प्रभावित अन्य खोलाहरूमा भुरा छाडिदै आएको उहाँले बताउनुभयो । ह्याचरीले विगतका वर्षमा जस्तै यस वर्ष पनि विभिन्न प्रजातिका आठ लाख २२ हजार माछाका भुरा उत्पादन गरी मागका आधारमा वितरण गरिएको कालीगण्डकी मत्स्य ह्याचरीका संयोजक डोलराज न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार ह्याचरीमा उत्पादन भएकामध्ये यस वर्ष कालीगण्डकी जलविद्युत् परियोजनाको जलाशय मिर्मी आँधीमुहानमा तीन लाख ८० हजार, बिरुवा गाउँपालिकाअन्तर्गतका खोला आसपासमा ८७ हजार पाँच सय, अर्जुनचौपारी गाउँपालिकाअन्तर्गत दरौँ खोला र आसपासका खोलामा ५० हजार, रुरु हाइड्रोपावर क्षेत्रमा ४२ हजार पाँच सय माछाका भुरा वितरण गरिएका छन्।

ह्याचरीले स्थानीय जातका हाडे, गर्दी, सहर, कत्ले, हाडेसहित पोखरीमा पाल्नका लागि कमनकार्पलगायत माछाका भुरा उत्पादन तथा वितरण गर्दै आएको छ।

# दुई प्रदेश जोड्ने पुल निर्माण अन्तिम चरणमा

पोखरापत्र संवाददाता
दमौली, १२ मंसिर

गण्डकी प्रदेश र लुम्बिनी प्रदेश जोड्ने कालीगण्डकी नदीमा निर्माणाधिन पुल अन्तिम चरणमा पुगेको छ।

गण्डकी प्रदेशअन्तर्गत तनहुँको घिरिङ गाउँपालिका-१ पुट्टार र लुम्बिनी प्रदेशअन्तर्गत पाल्पाको रामपुर नगरपालिका-१ स्याउली बजार जोड्ने कालीगण्डकी नदीमाथि निर्मित पुल अन्तिम चरणमा पुगेको हो । फागुनभित्र पुल सञ्चालन गर्नेगरी कामहरू तीव्र गतिमा अगाडि बढेको पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो । उहाँका अनुसार हाल फुटपाथ, पहुँचमार्ग, रेलिङलगायते कामहरू भइरहेको छ।

छ वर्षको अवधिमा पुल निर्माण भएको हो । उक्त पुलको काम युनाइटेड बिल्डर्सले पाएको छ। दुई सय १० मिटर लामो उक्त पुल पश्चिमक्षेत्र सेक्टर नं ४ को प्रत्यक्ष निर्देशन र निरीक्षणमा पुल निर्माण कार्य गरिएको हो। डबल लेन प्रविधिमा निर्माण भएको पुल रु २७ करोड लागतमा सङ्घीय सरकारको बजेटमार्फत निर्माण भएको सिग्देलले जानकारी दिनुभयो। कालीगण्डकी नदीमा पुल नहुँदा पुट्टार र स्याउलीका सर्वसाधारण पाल्पाको निस्दी गाउँपालिका हुँदै लामो दूरीबाट यात्रा गर्न बाध्य छन् । यहाँ पुल निर्माण भएपछि स्थानीय खुसी छन् । पुल नहुँदा नजिकै रहेको स्याउली बजार जान पनि घुमेर जाँदा टाढा पर्थ्यो । पुल निर्माण भएपछि सहज रूपमा आवातजावात गर्न सकिन्छ। मोटरेबल पुल निर्माण भएपछि दुई स्थानीय तहका हजारौँ सर्वसाधारण लाभान्वित हुने स्थानीय रोमाकान्त पोखेलले जानकारी दिनुभयो।

# त्रिवेणी इन्टरनेशनलमा नवआगन्तुक विद्यार्थीलाई स्वागत

पोखरापत्र संवाददाता
पोखरा, १२ मंसिर





त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ को विद्यार्थी कल्याणकारी समितिले विविएस प्रथम बर्षका विद्यार्थीलाई शुक्रबार एक कार्यक्रमका विच स्वागत गरेको छ।

नवआगन्तुक विद्यार्थीहरुको स्वागत कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङले गुणस्तरिय शिक्षा उपलब्ध गराएर विद्यार्थी पलायन रोक्नु पर्नेमा जोड दिए। विद्यार्थीहरुका लागि विविएसको अध्ययन सकिएपछि संभावनाका चौतर्फी ढोका खुल्ने उल्लेख गर्दै, इन्टर्न पछि रोजगारीका लागि अवसरहरु सिर्जना गर्न आग्रह गरे। उनले व्यवस्थापन र लेखाको क्षेत्रमा जनशक्तिको अभाव रहेको उल्लेख गर्दै, उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीका लागि अवसरहरु प्रसस्त रहेको बताए।

अध्यक्ष गुरुङ्गले त्रिवेणी इन्टरनेशनल लेखनाथको नीजि क्षेत्रबाट संचालित उत्कृष्ट कलेज रहेको उल्लेख गरे । संचालक समितिका अध्यक्ष सुमन भट्टराईले कलेजबाट उत्पादित जनशक्तिले राज्यका विभिन्न निकायको प्रतिस्पर्धामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको उल्लेख गरे । अध्यक्ष भट्टराईले गुणस्तरिय शिक्षाले विद्यार्थीको कलेज छाड्ने दरमा नियन्त्रण आउने उल्लेख गरे। कलेज प्रमुख यदुराज आचार्यले प्रविधिसँग अभ्यस्त बनाई व्यवस्थापन बिषयको अध्यापनका कारण स्नाकोत्तरसम्मको अध्ययनमा विद्यार्थीहरुको उल्लेख्य संख्या रहेको बताए । कलेजका एकेडेमिक सल्लाहकार प्रा.डा. इन्द्रप्रसाद तिवारीले विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने गरी जनशक्ति उत्पादनमा जोड दिए । उनले विविएसको अध्ययनपछि विद्यार्थी व्यापार देखी रोजगारका हरेक क्षेत्रमा अब्बल रहन सक्ने बताए । संचारकर्मी नवराज सापकोटाले+२पछिविद्यार्थीहरुको बिदेशमा अध्ययनको मोह बढेको उल्लेख गर्दै, विद्यार्थीहरुलाई नेपालमै आकर्षण गर्न सक्ने समय अनुसारको पाठ्यक्रम र एकेडेमिक कोर्ष राख्नु पर्नेमा जोड दिए । विद्यार्थी कल्याणकारी समितिका अध्यक्ष सुदिन मोहन भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा नवआगन्तुक विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रमहरु प्रस्तुत गरेका थिए । कलेजमा विविएस तर्फ पहिलो बर्ष एकसय पचास भन्दा बढी विद्यार्थी भर्ना भएका छन् । त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त उक्त कलेज लेखनाथ क्षेत्रकै अग्रणी शैक्षिक क्षेत्रका रुपमा रहेको छ।


## नामथर र जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ कि जिल्ला लमजुङ साविक करापु गा.वि.स. वडा नं. ०१ हाल: मध्य नेपाल नगरपालिका वडा नं. ८ निवासी भारतीय भू.पू. सैनिक नं. HON–NB–SUB 5039453 W का तुल प्रसाद गुरुङको श्रीमती हित कुमारी गुरुङस्यानी जन्ममिति २००६/१२/०१ (सन् १४ मार्च १९५०) को नेपाली नागरिकताको प्रमाणपत्रमा हिम कुमारी गुरुङ जन्ममिति २००७/११/२८ (सन् ११ मार्च १९५१) उल्लेख भई फरक-फरक नामथर र जन्ममिति भएता पनि उपरोक्त व्यक्ति एउटै हो भनी प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सुचित गरिन्छ।

# प्रकृति र संस्कृतिको सङ्गम फलामेडाँडा

**पोखरापत्र संवाददाता**
म्याग्दी १२ पुस



करबाकेली पदमार्गअन्तर्गत पर्वतको जलजला गाउँपालिका-५ मा रहेको फलामेडाँडा प्रकृति र संस्कृतिप्रेमी पर्यटकहरूका लागि आकर्षक गन्तव्य बन्न थालेको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ को सिमानामा अवस्थित फलामेडाँडा सदरमुकाम बेनीको सहायक गन्तव्यका रूपमा विकास हुन थालेको हो । स्थानीय अगुवा युवा पुर्ख पुर्जा पुनले फलामेडाँडा आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको बताउनुभयो । "बेनी बजार नजिकैको सबैभन्दा उच्च स्थानमा प्रकृति र संस्कृतिमा रमाउन पाउनु फलामेडाँडाको विशेषता हो", उहाँले भन्नुभयो, "बेनी, बागलुङ र कुश्माबाट बिदा मनाउन आन्तरिक पर्यटक यहाँ आउन थालेका छन् ।" प्राकृतिक हिसाबले सौन्दर्ययुक्त फलामेडाँडा जोड्ने सडक स्तरोन्नति सुरु र सामुदायिक लज सञ्चालन भएकाले पाहुनाहरू आकर्षित भएका पुनले बताउनुभयो । शनिबार र सार्वजनिक बिदाका दिन पाहुनाको चाप हुने फलामेडाँडा अन्य दिन पनि सुनसान हुँदैन । समुद्री सतहबाट दुई हजार तीन सय मिटर उचाइमा रहेको फलामेडाँडालगायत म्याग्दी र पर्वतका पर्यटकीयस्थललाई समेटेर करबाकेली पदमार्ग सञ्चालन भएको छ । अन्नपूर्ण धवलागिरि सामुदायिक पर्यावरणीय पदमार्गको पनि फलामेडाँडा सहायक गन्तव्य हो । पहाडको टुप्पोमा अवस्थित फलामेडाँडाको पृष्ठभूमिमा धवलागिरि, निलगिरि र अन्नपूर्ण हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । कालीगण्डकीको तिरबाट म्याग्दी, पर्वत र बागलुङका बस्तीका साथै सूर्योदय र सूर्यास्तको मनमोहन दृश्य देखिने कुश्माको ज्ञादिबाट फलामेडाँडा आउनुभएका विमल ढकालले बताउनुभयो । मगर समुदायको मौलिक कला र संस्कृति, स्थानीय खानाका परिकार, न्यानो आतिथ्यता र ग्रामीण जीवनशैली पनि फलामेडाँडाको थप आकर्षण हुन् । धवलागिरि आमा समूहले पाहुनालाई मौलिक गीत र नृत्यबाट स्वागत गर्छन् । पञ्चैबाजामा नाचगान गर्न पाइन्छ ।

बेनीबाट दुई घण्टा ३० मिनेट पैदलयात्रा र एक घण्टा २० मिनेट जिप र मोटरसाइकलको यात्रा पनि पुगिने फलामेडाँडामा पाहुनाघर सञ्चालन भएको छ । एक दिनमा २० जना बास बस्न सक्ने क्षमताको पाहुनाघरमा स्थानीय कुखुरा, खसीको मासु, साग, मुला, कोदो, फापरका परिकारको स्वाद लिन पाइन्छ ।

"फलामेडाँडाको पर्यटन विकासका लागि पूर्वाधार निर्माणलाई तिब्रता दिएका छौ," वडा अध्यक्ष तिलक जिसीले भन्नुभयो "पाहुनाघर र डाइनिङ हल बनेपछि गाउँमा आउने पाहुनालाई खानेबस्ने समस्या हटेको, आयआर्जन र रोजगारीका अवसर सिर्जना भएको छ ।" गत वर्ष फलामेडाँडाको प्रवर्द्धन गर्न लाटोकोसेरो महोत्सव पनि आयोजना भएको थियो। जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले फलामेडाँडा, हम्पाल, धाइरिङको भूमे ठाकुर र बनौलाई पर्यटकीय तथा बाँसखर्कलाई कृषि पर्यटनको गन्तव्यका रूपमा विकास गर्न पूर्वाधार निर्माणसँगै प्रवर्द्धनमा जोड दिएको बताउनुभयो। फलामेडाँडा क्षेत्रको खानेपानी समस्या समाधानका लागि सङ्घीय सरकारमार्फत भित्रिएको आयोजना कार्यान्वयन प्रक्रिया अघि बढाएको पनि उहाँले बताउनुभयो।

# संरक्षण क्षेत्र र सरोकारवाला निकायहरूसंग जिसस कास्कीको अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा १२ पुस



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा स्थानिय तह, संरक्षण क्षेत्र र सरोकारवाला निकायहरूसंग समन्वय र सहकार्यका बिषयमा अन्तरक्रिया कार्यक्रम शुक्रवार सम्पन्न भएको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो । पौडेलले संरक्षण क्षेत्र र स्थानीय तहबिच प्रभाबकारी समन्वय स्थापित गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनु भयो। पौडेलले क्षेत्राधिकार लगायत अन्य सरोकारका बिषयमा देखिएको अन्यौलता निराकरण गर्न कार्यक्रम फलदायी भएको बताउनुभयो । नेपाल सरकार ,प्रदेश सरकार, स्थानिय तह र संरक्षण क्षेत्रको प्रभाबकारी र नतिजामुखी परिणाममा कार्यक्रम फलदायी भएको उल्लेख गर्नुभयो । नियम र कानुन कडाइका साथ कार्यान्वयन गर्नुको विकल्प नभएको भन्दै प्रमुख पौडेलले नियम उल्लंघन गर्नेलाई तत्काल कानुनी दायरामा ल्याउन आग्रह गर्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले संरक्षणका सबालमा सबै पक्ष गम्भीर हुनुपर्ने उल्लेख गर्दै निरन्तर सहयोग र सहकार्यमा जोड दिनुभयो । संरक्षण क्षेत्रमा हुने कुनै पनि कानुन बिपरितका काम हुन नदिन स्थानीय सहित सरोकारवालाहरू सजगताका साथ लागि पर्नुपर्ने भन्दै प्र जि अ पाण्डेले आगलागी र अन्य मानव सृजित बिपत्ती नियन्त्रणमा जोड दिनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका बन संरक्षण अधिकृत बाबुलाल तिरूवाले संरक्षण क्षेत्रको बर्तमान अबस्था र स्थानीय तह संगको समन्वय र सहकार्यका बिसयमा अबधारणा पत्र पेश गर्नु भएको थियो । कार्यक्रममा कास्कीका पालिका प्रमुख सहित बन कार्यालय र सम्बन्धित सरोकारवाला कार्यालय प्रमुखको उपस्थिति रहेको थियो ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप- प्रमुख सरिता माल र संचालन शाखा अधिकृत भ्ऋबिश्वर रेग्मीले गर्नुभएको थियो ।

# दक्षिण बागलुङलाई बदलेको करिडोर

**पोखरापत्र संवाददाता**
बागलुङ १२ पुस

जैमिनी नगरपालिका-१ की सुजता थापा बुटवल जाँदा कुश्मीसेराबाट बस चढ्न पाउनुभयो । सदरमुकामबाट पोखरा, स्याङजाहुँदै जाने सवारी भन्दा कालीगण्डकी करिडोरबाट पाल्पा हुँदै बुटवल जाँदा दूरी एक सय किमी छोटो भयो । यसले खर्च पनि जोगायो ।

करिडोर खुल्नुअघि त बुटवल जानुपरे सदरमुकाम आएर एक रात बस्नुपर्ने बाध्यता थियो । सदरमुकाम आउन रु चारसय भाडा तिरेपछि बागलुङबाट बुटवल जान थप रु एक हजार तीन सय ५० भाडा लाग्छ । बिहान छुट्ने बसले बेलुकी ६ बजे मात्रै पर्‍याउँछ । करिडोरबाट यात्रा गर्दा भाडा र समय कम खर्च भएको थापाले बताउनुभयो । करिडोर निर्माणाधिन नै छ। तर नियमित बस सञ्चालनमा आउन थालेका छन् । जैमिनीको बेलबगरदेखि त एक सय ५० किमी यात्रा गरेर मात्र पोखरा पुगिने बाध्यता अहिले हटेको छ । बरु त्यति दुरी पार गर्दा बुटवल पुग्न सकिन्छ। सहजै बुटवल पुग्न सकेपछि उनीहरूले उपचारदेखि व्यवसाय पनि गर्न पाएका छन् । बुटवलमा किनमेल सस्तो पर्ने गरेको जैमिनी-७ का प्रकाश ढुङ्गानाले बताउनुभयो । साथै बसाइ सरेर गएकाहरूपनि बुटवल, भैरहवा र कपिलबस्तुमा भेटिन्छन् । करिडोरको यात्रा गर्ने अधिकांशले आफन्तको नजिक पुग्नका लागि पनि यो बाटो तय गर्न थालेका छन् । कालीगण्डकी करिडोरले बुटवललाई यति छोटो दुरीमा पुर्‍याएपछि करिडोरको यात्रा गर्नेहरू बढेका छन् । अहिले त धेरै सजिलो भैसक्यो, बाटो सबै कालोपत्रे भयो भने बागलुङको जैमिनी, बलेवा र बरेङबासीको दैनिकी बुटवल र पाल्पातर्फ नजिक बन्नेछ । सडक निर्माणाधिन भएकोले धुलो भने बढी छ । त्रिदेशीय मार्गका रूपमा कालीगण्डकी करिडोर स्थापित भैसकेकाले भारतको सिमाना पुगेर व्यपार गर्न अब छोटो बाटो तय भैसकेको जैमिनी नगरपालिका १ की पुष्पा आचार्यले बताउनुभयो ।

करिडोरले बागलुङको जैमिनी मात्र हैन गुल्मीको कालीगण्डकी गाउँपालिका, पर्वतको बिहादी र फलेवास नगरपालिकाबासीका लागि पनि सहज बनाएको छ । "बुटवल पढ्न गएका छोरीहरू बिहानको खाना खानै आइपुग्छन्", पर्वतको बिहादीका हरि न्यौपानेले भन्नुभयो, "करिडोरले सदरमुकाम र बुटवल उस्तै बनाएको छ ।" करिडोरले ४१७ किमीमा चीन र भारत जोड्ने त्रिदेशीय मार्ग निर्माण गरेको छ । करिडोरअन्तर्गत गुल्मी र बागलुङ खण्डको ट्र्याक खोल्ने जिम्मा नेपाली सेनाले पाएको थियो । अहिले १० किमी सडकमा कालोपत्रेका लागि ठेक्का लागेको छ । जैमिनी नगरपालिकाको वडा नं १४ नारायणस्थानदेखि गुल्मीको हर्मीचौर ४५ किमी सडक कालीका कन्स्ट्रक्सनले निर्माण गरिरहेको छ । आगामी २०८२ को मंसिर मसान्तसम्म सकिनुपर्ने कामको अधिकांश खण्ड कालोपत्रेको तयारी छ । कतिपय खण्ड कालोपत्रे भैसकेको छ करिडोर आयोजना कार्यालय पाल्पाका इन्जिनियर सुरेन्द्र गौतमले बताउनुभयो । अहिलेकै गतिमा काम भए समय अघिनै सकिने उहाँले बताउनुभयो । रु तीन अर्ब ३३ करोडमा लगाइएको ठेक्काको खण्डमा नाली, पर्खाल, पुल र कजवे बनेका छन् । बलेवा खण्डमा काम भएको छ भने रिडी खण्डमा कालोपत्रे भैसकेको छ।

पाँच वर्ष अघिसम्म सडक संजालले जोड्नै कठिन जैदी, छिस्ती, अर्जेवालगायतका बासिन्दा अहिले सहजै यात्रा गर्न पाएका छन् । सडक खुलेपछि सदरमुकाम र पाल्पा, बुटवल जाने सवारी पनि सहजै पाउन थालिएको जैमिनी ८ का ओमकार थापाले बताउनुभयो । "अहिले त बाइक चढेर सदरमुकाम भन्दा बुटवल पहिला पुग्छु", थापाले भन्नुभयो, "सहज आउजाउ भएपछि पाल्पा र बुटवल झरेर पढ्नेहरूपनि बढेका छन् ।" समयमा बुटवल पुग्दा पूर्वपश्चिम जानुपर्ने यात्रीले पनि करिडोरको यात्रा गर्न खोजेका छन् । गुल्मीको कालीगण्डकी गाउँपालिकाका सुमित्रा पाण्डेले ठूलो परिवर्तन आएको बताउनुभयो । "घरमै गाडि आउला भन्ने सोचेका थिएनौं, घर छेवैमा सडक आएपछि बारीको तरकारी बिहानै बुटवल पठाउन पाएका छौं", उहाँले भन्नुभयो । बागलुङको बुर्तिवाङतर्फका सवारी पनि रिडीदेखि पाल्पाको अर्गली, तानसेन हुँदै बुटवल जाने गर्छन् । यसरी यात्रा गर्दा सामान खरिदका लागि बुटवल जाने र उपचारका लागि पाल्पा जानेलाई सहज भएको हो ।

पश्चिम बागलुङ बासीले पनि रिडीमा करिडोर भेट्छन् । विसं २०४४ सालमा यो सडक ट्र्याकको परिकल्पना गरेपनि २०७१ पछि मात्रै करिडोरको ट्र्याक खोल्न सुरु भएको हो । करिडोर बनेकोले हर्मीचौरदेखि शान्तिपुर र बरेङतर्फ जाने सडक पनि बनेका छन् । नेपाली सेनाले हर्मीचौरदेखि रुद्रवेणीको बिकल्पमा स्याङजातर्फ पनि सडक बनाइदिएको छ। "करिडोरको बाटो हुँदै मिर्मी पुग्न सहज रहेछ, त्यसैले व्यावसायिक भ्रमण पनि गरियो", होटल सञ्चालक तालबहादुर कुँवरले भन्नुभयो, "छोटो बाटो बनेकाले अब त सहज भयो ।" करिडोरमा नेपाली सेनाले विभिन्न स्थनमा बेलीब्रिज बनाएको छ। ती पुल बिस्थापित गर्न करिडोर आयोजनाले विभिन्न स्थानमा ठेक्का समेत लगाएको छ।

# बालश्रम न्यूनीकरणमा सघाउँदै पोउवा संघ

**पोखरापत्र संवाददाता**
पोखरा, १२ मंसिर




जिल्ला समन्वय समिति कास्कीका प्रमुख लीलाधर पौडेलले नागरिक समाज र सरकारको संयुक्त पहलबाट मात्र बाल अधिकार रक्षा हुने बताएका छन् । उनले निकृष्ट प्रकारको बालश्रम न्यूनीकरणको लागि परिवारसम्मै पुगेर अभियान थाल्नुपर्ने पनि उनले बताए ।

पोखरा उद्योग वाणिज्य संघअन्तर्गत रहेको सामाजिक विकास केन्द्रद्वारा शुक्रबार आयोजित परियोजनासम्बन्धी अन्तर्क्रिया कार्यक्रमका प्रमुख अतिथि रहेका जिसस प्रमुख पौडेलले गैरसरकारी संस्थाको सहयोगमा संचालित परियोजनाहरु निश्चित समयको लागि मात्र हुने भएकाले त्यसको निरन्तरताको लागि पालिकाहरुले पहल गर्नुपर्ने पनि बताए । पोखरामा संचालित बालगृहहरु मापदण्ड अनुसारको नभएको र त्यहाँ बालबालिकामाथि उचित हेरचाह नहुने गरेको पनि उनको भनाइ थियो । उनले सामाजिक विकास केन्द्रबाट गरिएका कामहरुको मुक्तकण्ठले प्रशंसा गरे ।

श्रम कार्यालय पोखराका प्रमुख सुरेश ढकालले निकृष्ट श्रममा रहेका बालबालिकालाई त्यहाँबाट बाहिर ल्याउन र उचित शिक्षा र अवसर प्रदान गर्न चुनौती रहेको बताए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा उद्योग वाणिज्य संघले विगत २६ वर्षदेखि बालश्रम न्यूनीकरणको लागि विविध गतिविधि गर्दै आएको स्मरण गर्दै यो अभियानमा सरकारी तथा गैरसरकारी संस्थाको सहयोग आवश्यक रहेको बताए ।

पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा सामाजिक विकास केन्द्रका अध्यक्ष राजेन्द्रकुमार लालचनले श्रमिक बालबालिकाको अधिकार रक्षा भनेको उनीहरुलाई उचित शिक्षा दिनु तथा गलत कार्यमा नलगाउनु नै भएको बताए । सामाजिक विकास केन्द्रबाट संचालित गतिविधिबारे जानकारी दिँदै केन्द्रका सुपरभाइजर सफल बरालले पोखरामा हाल १ हजार ३ सय २५ जना बालश्रमिक रहेको बताए। सामाजिक विकास केन्द्रले किडासाको सहयोगमा बालश्रम न्यूनीकरण, कम्युनिटी हब र जीविकोपार्जन तथा शिक्षा परियोजना संचालन गरिरहेको र ती कार्यक्रम सयौं बालबालिका लाभान्वित भएको उनको भनाइ थियो । उनका अनुसार सामाजिक विकास केन्द्रले श्रमिक बालबालिकाहरुको लागि उनीहरुको कार्यस्थलमै गएर बिहान अनौपचारिक शिक्षा दिने,जन्मदर्ता गरिदिने,पुनर्स्थापनामा सघाउने,विपन्न परिवारको आर्थिक सवलीकरणका निम्ति सहयोग गर्ने,शैक्षिक सामग्री र पोशाक वितरण गर्ने,विद्यालयमा पुगेरगृहकार्यगर्नसघाउनेलगायतका कामहरु गर्दै आइरहेको छ । किडासाको सहयोगमा संचालित यी परियोजनाहरु क्रमशः समुदायलाई नै हस्तान्तरण गर्ने योजना रहेको पनि उनले सुनाए ।

सामाजिक विकास केन्द्रकी अन्जना पौडेलका अनुसार जीविकोपार्जन तथा शिक्षा परियोजनाअन्तर्गत हालसालै ४७ वटा सामुदायिक विद्यालयका ३ सय ७५ जना विपन्न विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको थियो । अन्तर्क्रियामा सहभागीहरुले सामाजिक विकास केन्द्रले संचालन गरिरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने तथा स्थानीय तहहरुले बालश्रमलाई गम्भीर समस्याको रुपमा लिनुपर्ने धारणा राखेका थिए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ धुम्ती पसलदेखि गरो सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः धुम्ती पसलदेखि गरो सडक निर्माण
ठेगानाः पोखरा-२१
योजना सम्झौता मितिः २०८१/०६/०८ गते
योजना सम्पन्न भएको मितिः २०८१/०९/१५ गते
योजनाको कुल लागतः रु. ११,८९,१३८।५९
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु.१,८९,१३८।५९
अध्यक्षः इन्द्र प्रसाद सुवेदी
निर्माण समिति सदस्य संख्याः ११
महिलाः ४, पुरुषः ७

**धुम्ती पसलदेखि गरो सडक निर्माण उपभोक्ता समिति**
**पोखरा-२१**


# राष्ट्रिय एकता दिवसमा 'अल्ट्रा म्याराथन'

**पोखरापत्र संवाददाता**
दमौली, १२ मंसिर

राष्ट्रिय एकता दिवसका अवसरमा ऋषिङ गाउँपालिकाको आयोजनामा 'चौथो ऋषिङ अल्ट्रा म्याराथन' हुने भएको छ । खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले म्याराथन आयोजना गर्न लागेको हो ।

पुस २७ गते ४३ किलोमिटर म्याराथन हुने गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो । म्याराथनको तयारी थालिएको उहाँले बताउनुभयो ।

धारुङ भञ्ज्याङबाट सुरु हुने दौड रानीपोखरी- गाउँपालिकाको कार्यालय- अर्खलाछाप- काफलडाँडा- पुरानो ऋषिङ-पोखरीभञ्ज्याङ-गोठादी-ढुङ्गाडे-चालिसे-भिरकोट- अर्चल्दी-मौरीबास-दाङसिरी-दुवुङकोटमा टुङ्गिनेछ। प्रतियोगितामा प्रथम हुनेलाई रु ६५ हजार, द्वितीय हुनेलाई रु ४० हजार तृतीय हुनेलाई रु २५ हजार र एक जनालाई सान्त्वना पुरस्कार रु दश हजार प्रदान गरिनेछ।

# राष्ट्रिय रैथाने खाना महोत्सव सुरू

**रासस**
भरतपुर, १२ मंसिर

भरतपुर भ्रमण वर्ष २०२४ को अवसरमा पारेर राष्ट्रिय खाना महोत्सव शुक्रबारदेखि मेघौलीमा सुरू भएको छ । महोत्सवको बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले उद्घाटन गर्नुभयो।

रैथाने खानाको महत्त्व बुझाउन यस्ता महोत्सव प्रभावकारी हुने मुख्यमन्त्री लामाले बताउनुभयो । उहाँले भन्नुभयो, "रैथाने चिजको संरक्षण गर्नुपर्छ । रैथाने खानाको संरक्षण गर्न सके आन्तरिक तथा बाह्य पर्यटक आउनेछन् ।" उहाँले भन्नुभयो, "रैथाने खानाको महसुस हुने गरी काम गर्न आवश्यक छ ।" यसले नेपालको अर्थतन्त्रमा ठूलो सहयोग पुग्ने उहाँले बताउनुभयो । कार्यक्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुर भ्रमण वर्षमा लक्ष्यअनुसार पर्यटक आएको बताउनुभयो।

भ्रमण वर्षको अवसरमा बाह्य दुई लाख र आन्तरिक १० लाख पर्यटकले भरतपुरका पर्यटकीय क्षेत्रको अवलोकन गरेका उहाँले बताउनुभयो । महानगर उपप्रमुख चित्रसेन अधिकारीले महानगरपालिकाको विकाससँगै जनतालाई प्रत्यक्ष लाभान्वित वनाउने उद्देश्यले भ्रमणा वर्षको आयोजना गरिएको बताउनुभयो । भ्रमण वर्षलाई सफल बनाउन सहयोग गर्न स्थानीय जनतामा यो महोत्सवले थप ऊर्जा मिल्ने उहाँले बताउनुभयो । यस महोत्सव स्थानीय खानासँगै ७७ जिल्लाको प्रतिनिधत्व गर्दै ७७ मिटर लम्बाइको नेपालको नक्सा विशेष आकर्षकको रूपमा रहने उहाँले बताउनुभयो । पुस १६ गतेसम्म सञ्चालन हुने महोत्सवमा ५० वटा स्थानीय खानाका स्टलहरू रहेको संयोजक मायाराम चौधरीले जानकारी दिनुभयो । महोत्सवमा स्थानीय थारू, कुमाल, दराई, मगर, गुरूङ, बोटे, मुसहर समुदायसहितका स्थानीय जातका खाना राखिएका छन् । स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउन महोत्सव फलदायी हुने चौधरीले बताउनुभयो । महोत्सवमा एक लाखभन्दा बढी पर्यटक आउने अनुमान गरिएको छ।